**आकाशवाणी समाचार- नेपाली**
**मितिः २७ जूलाई २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**<u>प्रमुख समाचार</u>**

- प्रधान मन्त्री नरेन्द्र मोदीले परीक्षा सुधारको लागि एक उच्च-स्तरीय कार्यदल गठन गर्ने घोषणा गर्नुभएको छ, जसको नेतृत्व प्रख्यात टेक्नोक्रेट नन्दन नीलेकणीले गर्नुहुनेछ।

- २.प्रधानमंत्रीले 'मन की बात' कार्यक्रममा वर्षाजलको हरएक बूंदको संरक्षण समयको आवश्यकता बताउनुभेएको छ।

- ३.सरकारले आज लोकसभामा सार्वजनिक परीक्षा (अनुचित साधनको रोकथाम) संशोधन विधेयक, २०२६ पेश गर्नेछ।

- **४.भारतकी भारोत्तोलन रानि मीराबाई चानुले २०२६ को ग्लासगोमा भएको राष्ट्रमंडल खेलकुदमा देशको लागि पहिलो स्वर्ण पदक जितेकी छिन्।**

- ५.उपराष्ट्रपति सी.पी. राधाकृष्णन अनि प्रधानमंत्री नरेंद्र मोदीले ग्लासगो राष्ट्रमंडल खेलहरुमा स्वर्ण पदक जीतेकोमा भारतीय भारोत्तोलक मीराबाई चानूलाई बधाई दिनुभएको छ।

**<u>प्रधानमंत्री-परीक्षा कार्य बल</u>**

प्रधान मन्त्री नरेन्द्र मोदीले परीक्षा सुधारको लागि एक उच्च-स्तरीय कार्यदल गठन गर्ने घोषणा गर्नुभएको छ, जसको नेतृत्व प्रख्यात टेक्नोक्रेट नन्दन नीलेकणीले गर्नुहुनेछ। एक भिडियो सन्देशमा उहाँले भन्नुभयो कि कार्यदलले परीक्षा सुधारमा ध्यान केन्द्रित गर्ने र यसको प्रतिवेदनका आधारमा आगामी परीक्षाको विश्वसनीयता सुनिश्चित गर्न यथाशीघ्र कदम चाल्ने छ।उहाँले देशको परीक्षा प्रणाली विश्वसनीय, पारदर्शी र प्रविधिको अधिकतम प्रयोग हुनुपर्ने बताउनुभयो ।

कार्य बलमा पूर्व सूचना एवं शिक्षा निदेशक तपन डेका, पूर्व इसरो अध्यक्ष एस सोमनाथ, आईआईटी चेन्नईका निदेशक वी कामकोटी पनि सहभागी हुनेछन्। यसको अतिरिक्त , पूर्व शिक्षा सचिव अनीता कारवाल र लॉजिस्टिक्स विशेषज्ञ अमृत लाल मीना पनि कार्य बलमा सामेल छन्।

प्रधानमन्त्री मोदीले संसदमा परीक्षासम्बन्धी कडा कानुनी व्यवस्थासहितको नयाँ कानून ल्याउने दिशामा पनि सरकार अघि बढेको बताउनुभयो। श्री मोदीले प्रतियोगी परीक्षाको निष्पक्षतालाई सुरक्षित गर्न र लाखौं विद्यार्थीहरूको भविष्य सुरक्षित गर्न सरकारको प्रतिबद्धतामा पनि जोड दिनुभयो।

**बाइट- नरेंद्र मोदी**

**<u>शाह-पीएम</u>**

गृहमन्त्री अमित शाहले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा सरकारले नयाँ पुस्ताको भविष्य जोगाउन निरन्तर सुधारको सिद्धान्तलाई पछ्याइरहेको बताउनुभएको छ । श्री नन्दन नीलेकणीको नेतृत्वमा नवगठित उच्च स्तरीय कार्यदलमाथि जोड दिनुहुदै श्री शाहले भन्नुभयो, यस कार्यदलले यो सुनिश्चित गर्नेछ कि कसैले पनि देशको परीक्षा प्रणालीको पवित्रताको उल्लङ्घन गर्न सक्दैन। उहाँले पेपर लिकका दोषीलाई सरकारले कडा सजाय दिने र भविष्यमा कसैले पनि यस्तो अपराध गर्न नपाउने बताउनुभयो ।

## मध्य प्रदेश जल संरक्षण-एमकेबी

प्रधानमंत्री नरेन्द्र मोदीले आफ्नो 'मन की बात' कार्यक्रममा मध्य प्रदेशको सीधी र नरसिंहपुर जिल्लाहरूमा जल संरक्षणका प्रयासहरूको प्रशंसा गर्नुभएको छ । उहाँले सीधीमा लगभग १,हजार ५०० पोखरीहरूको निर्माण र नरसिंहपुरमा अमृत सरोवरहरूको जीर्णोद्धारलाई उदाहरणीय पहलको रूपमा वर्णन गर्नुभएको छ ।

प्रधानमंत्रीले यस कुरामा जोर दिनुभयो कि वर्षाजलको हरएक बूंदको संरक्षण समयको आवश्यकता हो। पोखरी, इनार र अन्य परम्परागत जलस्रोतको संरक्षणको जिम्मा लिनुपर्ने श्री मोदीले मानिसहरुलाई आग्रह गर्नु भएको छ ।

## संसद विधेयक

सरकारले आज लोकसभामा सार्वजनिक परीक्षा (अनुचित साधनको रोकथाम) संशोधन विधेयक, २०२६ पेश गर्नेछ। सार्वजनिक परीक्षा (अनुचित साधन निवारण) ऐन, २०२४ लाई संशोधन गर्न यो विधेयक ल्याउन लागिएको हो। यसलाई केन्द्रीय मन्त्री डा. जितेन्द्र सिंहले प्रस्तुत गर्नुहुनेछ।

शुक्रबार केन्द्रीय क्याबिनेटले फास्ट ट्र्याक अदालतहरू गठन गर्न र परीक्षामा पेपर लिक र अनुचित साधनहरूको प्रयोगमा कडा सजाय सुनिश्चित गर्न मस्यौदा विधेयकलाई अनुमोदन गरेको थियो।

## प्रह्लाद जोशी

केन्द्रीय मन्त्री प्रह्लाद जोशीले शिक्षा मन्त्रालयको कार्यभार ग्रहण गर्नुभएको छ ।श्री धर्मेन्द्र प्रधानले राजीनामा दिएपछि जोशीलाई मन्त्रीमा नियुक्त गरिएको थियो । उहाँले उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण, नयाँ तथा नवीकरणीय ऊर्जा मन्त्रालयको जिम्मेवारी पनि सम्हाल्ने छन् । पदभार ग्रहण गरेपछि, उहाँ ले विभिन्न योजनाहरू र प्रमुख कार्यक्रमहरूको कार्यान्वयनको मूल्यांकन गर्न शिक्षा मन्त्रालयको समीक्षा बैठकको अध्यक्षता गर्नुभयो । संवाददाताहरुसितको बातचितमा श्री जोशीले प्रधानमन्त्री नरेन्द्र मोदीलाई यो जिम्मेवारी सुम्पिएकोमा आभार व्यक्त गर्नुभयो।

## दिल्ली महिला-अल्पसंख्यक आयोग

दिल्ली सरकारले दिल्ली महिला आयोग र दिल्ली अल्पसंख्यक आयोग गठन गरेको छ । दिल्ली महिला आयोगको अध्यक्षमा लता गुप्तालाई नियुक्त गरिएको छ भने श्याम बाला, मालती बर्मा, लता सोधी, सनरिका शर्मा झा र रेणु भल्लालाई सदस्यमा नियुक्त गरिएको छ ।

निर्मल जैनलाई दिल्ली अल्पसंख्यक आयोगको अध्यक्षको रूपमा नियुक्त गरिएको छ भने कुलदीप सिंह र मोहम्मद हारूनलाई सदस्य बनाइएको छ।

मुख्यमन्त्री रेखा गुप्ताले भन्नुभयो कि यी पहलहरूको उद्देश्य महिलाहरूको अधिकारको संरक्षण बढाउने, उनीहरूको सशक्तिकरणलाई बढावा दिने, अल्पसंख्यक समुदायहरूको कल्याण सुनिश्चित गर्ने र उनीहरूको संवैधानिक अधिकारहरूको रक्षा गर्ने हो।

## राष्ट्रमंडल खेलकुद

भारतकी भारोत्तोलन रानि मीराबाई चानुले २०२६ को ग्लासगोमा भएको राष्ट्रमंडल खेलकुदमा देशको लागि पहिलो स्वर्ण पदक जितेकी छिन्। उनले महिला ४८ किलोग्राम वर्गमा १९० किलोग्रामको कीर्तिमानी उचाल्दै उत्कृष्ट प्रदर्शन गरिन्। ३१ वर्षीय भारोत्तोलकले स्न्याचमा ८५ किलोग्राम र क्लिन एण्ड जर्कमा १०५ किलोग्राम भार उठाएर राष्ट्रमंडल खेलकुदको नयाँ रेकर्ड कायम गरिन्। यो जितसँगै उनले २०१८ र २०२२ मा स्वर्ण पदक जितेकी लगातार तेस्रो पटक राष्ट्रमंडल खेलकुदमा स्वर्ण पदक जितेकी छिन्।

उपराष्ट्रपति सी.पी. राधाकृष्णन र प्रधानमन्त्री नरेन्द्र मोदीले मीराबाई चानुलाई उनको उपलब्धिमा बधाई दिनुभयो। उपराष्ट्रपतिले उनको समर्पण, लगनशीलता र निरन्तर उत्कृष्टताको प्रशंसा गर्नुभयो प्रधानमन्त्रीले यो जितलाई भारतीय भारोत्तोलनको इतिहासमा अर्को गौरवशाली अध्याय भन्नुभयो । प्रधानमन्त्रीले मीराबाई चानुलाई प्रेरणाको रूपमा वर्णन गर्नु भयो र उनको निरन्तर सफलताको कामना गर्नुभयो ।

**उपराष्ट्रपति प्रधानमंत्री-राष्ट्रमंडल चानू**

उपराष्ट्रपति सी.पी. राधाकृष्णन अनि प्रधानमंत्री नरेंद्र मोदीले ग्लासगो राष्ट्रमंडल खेलहरुमा स्वर्ण पदक जीतेकोमा भारतीय भारोत्तोलक मीराबाई चानूलाई बधाई दिनुभएको छ ।

एक सामाजिक सञ्जाल पोस्टमा, श्री राधाकृष्णनले भन्नुभयो कि उच्च स्तरमा देशका लागि मीराबाई चानूको लगातार पदक जित्ने प्रदर्शनले उनको असाधारण समर्पण, लचिलोपन र महान इच्छाशक्तिलाई दर्शाउँछ। उहाँले भान्नुभयो , 'चानूले वर्षौंदेखि हासिल गरेका उत्कृष्ट उपलब्धिहरूले सम्पूर्ण राष्ट्रलाई गौरवान्वित बनाएको छ। उपराष्ट्रपतिले आगामी वर्षहरूमा उनीहरूलाई अझ बढी सफलता र सफलताको शुभकामना दिनुभयो ।

श्री मोदीले यस उपलब्धिलाई भारतीय भारोत्तोलनको इतिहासमा अझ एक गौरवपूर्ण अध्यायको रूपमा वर्णन गर्नुभयो । उहाँले राष्ट्रमण्डल खेलहरूमा लगातार स्वर्ण पदक र समग्रमा चौथो राष्ट्रमण्डल पदकको साथ, मीराबाई चानूलाई प्रत्येक भारतीयका लागि प्रेरणाको रूपमा रहेको बताउनु भयो । प्रधानमन्त्रीले उनको भविष्यका लागि शुभकामना दिनुभयो ।

**अमरीका-ईरान**

अमेरिका र इरानले लगातार दोस्रो दिन आक्रमण रोकेको छ, करीव दुई हप्ताको सैन्य तनावपछि अन्तरिम युद्धविराममा वार्ता पुनः सुरु हुने आशा बढेको छ। संयुक्त राष्ट्रसंघका लागि अमेरिकी राजदूत माइक वाल्ट्जले राष्ट्रपति ट्रम्पले कूटनीतिलाई स्थान दिइरहेको आरोप लगाउँदै ओमान, इरान र अन्य वार्ताकारहरू विगत केही हप्तादेखि सबै तहमा वार्तामा संलग्न रहेको बताएका छन् । वाल्ट्जले इरानी आक्रमणबाट बच्न प्रयोग गरिने इन्टरसेप्टर मिसाइलहरूको अभाव रहेको भन्ने सुझावलाई पनि अस्वीकार गरेका छन् ।

इरानी सेनाका एक सैन्य प्रवक्ताले जवाफी कारबाही गर्न तेहरानले आक्रमण रोकेको बताएका छन् । अमेरिकाले आफ्नो अपरेसन स्थगित गरेयता पछिल्ला दुई रातमा कुनै आक्रमण नभएको प्रवक्ताले पुष्टि गरेका छन्।

यसैबीच, इरान र ओमानले तेहरानमा स्ट्रेट अफ होर्मुजको व्यवस्थापनका लागि प्राविधिक वार्ता गरेका छन् । यसबाहेक, इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहु राष्ट्रपति ट्रम्पसँग क्षेत्रीय परिस्थितिबारे छलफल गर्न भोलि वाशिंगटनमा उपस्थित हुनेछन्।

**फ्रान्स - वन डढेलो**

फ्रान्स र स्पेनमा ठूलो मात्रामा लागेको डढेलोका कारण लगभग ३,००,००० मानिसहरूलाई अन्यत्र सारिएको छ। द्रुत गतिमा फैलिरहेको आगो निभाउन अग्निनियन्त्रकहरूले संघर्ष गरिरहेका छन्।

फ्रान्समा, ऐतिहासिक शहर बोर्डोको बाहिरी क्षेत्रतिर आगो बढ्दै जाँदा लगभग २,२०,००० मानिसहरूलाई अन्यत्र सारिएको छ। आगोले एट्लान्टिक तटमा रहेको क्याप फेरेट प्रायद्वीपमा ठूलो विनाश निम्त्याएको छ र शहरबाट लगभग १५ किलोमिटर टाढा फैलिएको छ।

बोर्डोका मेयर थोमस काजेनुभले भन्नुभयो यस समयमा शहर खाली गर्ने कुनै योजना छैन, तर अधिकारीहरूले परिस्थितिलाई नजिकबाट निगरानी गरिरहेका छन्। फ्रान्सेली गृहमन्त्री लरेन्ट नुनेजले आगो नियन्त्रण बाहिर रहेको र बोर्डो महानगरीय क्षेत्रतर्फ अघि बढिरहेको बताउनुभयो । वहाँले परिस्थितिलाई अभूतपूर्व र अत्यन्तै कठिन बताउनु भयो । रातभरि, पुलिशले मार्चेप्राइम र सेस्टास शहरहरूमा घर-घर गएर सावधानीका रूपमा बासिन्दाहरूलाई खाली गराए।

छिमेकी स्पेनमा, ७५,००० भन्दा बढी मानिसहरूलाई खाली गरिएको छ भने ३०,००० अन्यलाई घर भित्रै बस्न आदेश दिइएको छ। प्रधानमन्त्री पेड्रो सान्चेजले म्याड्रिड र टोलेडोका आगलागी प्रभावित क्षेत्रहरूका साथै जङ्गलको आगोबाट प्रभावित तीन मध्य प्रान्तहरूमध्ये एक, अविलाको भ्रमण गर्नु भयो, जहाँ आपतकालीन टोलीहरूले आगो नियन्त्रण गर्न प्रयास जारी राखेका छन्।